म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५१ मंगलबार, १५ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 28 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्वच्छ शहरः स्वस्थ्य शहर**

☞ धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं, सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
☞ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
☞ करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
☞ सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं, स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
☞ ध्वनि र वायु प्रदूषण कम गरौं,
☞ सडकको समयसमयमा मर्मतसम्भार गरौं.
☞ सडकमा निर्माण सामग्री नराखौं ।

*शहरलाई सफा राखौं: सुन्दर बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### मन्त्रालयबीच कार्यक्षेत्र दोहोरिन नदिन स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्नेमा जोड

# बागमतीमा ७ वटा मन्त्रालय राख्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेश स्थापनाकै अवस्थामा प्रस्तावित र अभ्यास गरिएका ७ वटा मन्त्रालय राख्न सुझाव दिएको छ ।

प्रदेश सरकारद्वारा अघि बढाइएको प्रशासनिक पुनर्संरचना प्रतिवेदनमाथि सुझाव दिँदै नेकपाले प्रदेश सरकारलाई शक्तिशाली बनाउन र आर्थिक व्ययभार कमगर्न ७ वटा मन्त्रालय नै उपयुक्त हुने सुझाव दिएको हो । सोमबार प्रमुख प्रतिपक्षी दलका नेता शालिकराम जम्कट्टेलले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सुझावपत्र बुझाएका हुन् । सुझावपत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून, भौतिक पूर्वाधार विकास, आर्थिक मामिला तथा योजना, सामाजिक विकास, कृषि तथा सहकारी र उद्योग-संस्कृति-पर्यटन-वन तथा वातावरण मन्त्रालय रहनुपर्ने उल्लेख गरिएको छ ।



त्यसैगरी, मन्त्रालयबीच कार्यक्षेत्र दोहोरिन नदिन स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ । प्रदेश प्रहरी समायोजन प्रक्रिया अझै अपूरो रहेको औंल्याउँदै शान्ति-सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउन स्पष्ट नीति आवश्यक रहेको नेता जम्कट्टेलले बताए । प्रदेशलाई संविधानले दिएको अधिकार कार्यान्वयनका लागि सुरक्षा संरचना बलियो बनाउनुपर्ने सुझाव पार्टीले दिएको उनले बताए । यसअघि संसद्मा बोल्दै नेता जम्कट्टेलले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अर्को मन्त्रालयमा गाभ्ने वा खारेज गर्ने सरकारको तयारीप्रति आपत्ति व्यक्त गरेका थिए ।

संघीय सरकारले प्रहरी समायोजन गरेर पठाएपछि मन्त्रालय प्रदेशको सबैभन्दा शक्तिशाली निकाय बन्ने उनको भनाई छ । 'आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेशको रणनीतिक मन्त्रालय हो । यसलाई अर्कै मन्त्रालयमा लगेर सहायकरुपमा गाभिनु वा यसको स्वतन्त्र अस्तित्व मेटाउनु पूर्णतः गलत हुन्छ' उनले भने, 'अहिले यो मन्त्रालयमा बजेट कम होला । कर्मचारी कम होलान् । तर, भोलि प्रहरी समायोजन भएर आउने बित्तिकै यो प्रदेशको महत्वपूर्ण मन्त्रालय हुन्छ । के सरकारले यसको दूरगामी महत्व नबुझेकै हो ? एउटा विभाग वा शाखाको रुपमा खुम्च्याएर यो मन्त्रालय कसरी चल्छ ?'

सडक तथा सहरी पूर्वाधारलाई छुट्टाछुट्टै मन्त्रालयमार्फत सञ्चालन गर्ने प्रस्तावप्रति असहमति जनाउँदै नेकपाले भौतिक पूर्वाधार मन्त्रालयलाई नै सुदृढ बनाउनुपर्ने सुझाव दिएको छ । यस्तो विभाजनले दोहोरोपन र प्रशासनिक जटिलता बढ्ने तर्क गरिएको छ । प्रदेशस्तरका संस्थाहरु सुदृढीकरणतर्फ ध्यान दिनुपर्ने उल्लेख गर्दै सुझावपत्रमा प्रदेश विश्वविद्यालय स्थापना, प्राविधिक शिक्षामा जोड तथा प्रदेश सुशासन केन्द्रलाई प्रभावकारी बनाउनुपर्ने उल्लेख गरिएको छ । प्रदेश नीति तथा योजना आयोगलाई अधिकार सम्पन्न बनाउँदै दीर्घकालीन विकास रणनीति कार्यान्वयनमा केन्द्रित गर्नुपर्ने सुझाव दिइएको छ ।

कर्मचारी व्यवस्थापनतर्फ संघीय निजामती सेवा ऐन कार्यान्वयनमा ढिलाइ हुँदा प्रदेशमा कर्मचारी अभाव देखिएको नेता जम्कट्टेलले बताए । हाल कार्यरत कर्मचारीको सेवासुविधा र पारिश्रमिक व्यवस्थापन गर्दै दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता औंल्याइएको छ । जिल्लास्तरमा सेवाप्रवाह प्रभावकारी बनाउन स्रोतसाधन र जनशक्ति अभाव रहेको भन्दै एकीकृत सेवाप्रणाली विकास गर्नुपर्नेमा नेकपाले जोड दिएको छ । अनावश्यक प्रशासनिक खर्च घटाउँदै सेवा वितरणलाई छिटो र सहज बनाउनुपर्ने सुझाव समेटिएको छ ।

नेकपाले हाल प्रस्तावित पुनर्संरचना मोडेलले प्रदेश संरचनामाथि नै प्रश्न उठ्ने भएकोले सुधारसहित कार्यान्वयन गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ । प्रशासनिक संरचनामा सुधार नगरे सेवाप्रवाह र विकास निर्माणमा असर पर्ने चेतावनी दिइएको छ । सुझावपत्रमा प्रदेश सरकारको संरचना सुदृढ, खर्च-प्रभावकारी र जनमुखी बनाउनुपर्नेमा जोड दिइएको छ । एउटै उद्देश्यका लागि विभिन्न समिति गठन गर्नु उपयुक्त नभएको उल्लेख गर्दै मन्त्रीकै नेतृत्वमा विज्ञ सहितको समिति गठन गर्नु उपयुक्त हुने नेकपाको धारणा रहेको छ ।

प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएको छ । पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा रहेको प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मन्त्रालयको संख्यामात्र बढेको तर, कार्यसम्पादनमा प्रभावकारिता नदेखिएकोले व्यापक पुनर्संरचनाको आवश्यकता औंल्याएको हो । प्रतिवेदनमा प्रदेश स्थापनाको समयमा ७ वटा मात्र मन्त्रालय रहेकोमा राजनीतिक भागबण्डा र दलीय सन्तुलन मिलाउन पटकपटक मन्त्रालय फुटाएर १४ सम्म पुऱ्याइएको उल्लेख छ ।

सांगठनिक आवश्यकता र कार्यबोझ भन्दा पनि अन्तर/आन्तरिक दलीय सन्तुलन मिलाउन मन्त्रालय विस्तार गरिएको समितिको ठहर छ । यस्तो कार्यले कार्यसम्पादन प्रभावकारी नभई प्रशासनिक खर्चमात्र बढाएको समितिको निश्कर्ष छ । नागरिकमा सेवाप्रवाह गर्ने भन्दा पनि कार्यकर्ता थन्क्याउने कार्यमा दलहरुको ध्यान केन्द्रित भइरहेको अवस्था अन्त्य गर्न र पछिल्ला दिनमा देखिएको राजनीतिक वितृष्णालाई सम्बोधन गर्न नागरिकतहको सझाव रहेको छ ।

# गढीका कृषकका लागि 'मागमा आधारित कार्यक्रम' सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पशुपालनक्षेत्रमा आवद्ध कृषकलाई प्रोत्साहन गर्न पहिलोपटक 'मागमा आधारित कार्यक्रम' सुरु गरेको छ ।

गाउँपालिकाको पशुसेवा शाखाले सूचना जारी गर्दै कृषकबाट आधुनिक यान्त्रिकरण तथा सामग्रीका लागि प्रस्ताव आह्वान गरेको हो । पशुसेवा शाखाप्रमुख सत्यनारायण साहकाअनुसार पशुपालक कृषकका लागि मागमा आधारित कार्यक्रम ल्याइएको यो पहिलो हो । 'यसअघि पशुपालक कृषकले आफूलाई वास्तवमै के आवश्यक छ, सोहीअनुसारका सामग्री पाउन कठिन थियो । तर, यो कार्यक्रमअन्तर्गत् कृषकले आवश्यकता पहिचान गरी माग गर्न सक्नेछन् र छनोटमा परेका कृषकले माग गरेकै उपकरण तथा सामग्री अनुदानमा पाउनेछन्,' शाखाप्रमुख साहले भने ।

यसअघि पालिकाको कृषिविकास शाखाले रैथाने बाली, तोरी, तरकारी र खाद्यान्न बालीमा आवद्ध कृषकका लागि यस्तो कार्यक्रम सञ्चालन गर्दै आएता पनि पशुपालनक्षेत्रमा भने यो नयाँ सुरुवात गरिएको पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए । गाउँपालिकाले कुल लागतको ५० प्रतिशत वा बढीमा ५० हजार रुपैयाँसम्म अनुदान दिने व्यवस्था गरेको उनले जानकारी दिए । परम्परागत पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले ल्याइएको यो कार्यक्रमले वास्तविक कृषकको आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्यसहित सञ्चालनमा ल्याएको अध्यक्ष स्याङ्तानले बताए ।

'हामी कृषकलाई केवल अनुदान दिनेमात्र होइन, उहाँहरुलाई उद्यमी बनाउन चाहन्छौं,' उनले भने 'पालिकाको तर्फबाट सामग्री छान्नुभन्दा कृषकलाई जे चाहिएको हो, त्यही उपलब्ध गराउँदा अनुदानको सही सदुपयोग हुन्छ र उत्पादन पनि बढ्छ । मकवानपुरगढीलाई दूध र मासुमा नमूना बनाउने हाम्रो लक्ष्य छ ।' पशुसेवा शाखाकाअनुसार यस कार्यक्रमका लागि गाउँपालिकाले ९ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । कृषकले च्यापकटर मेसिन (घाँस काट्ने मेसिन), रबर काउमेट, काउ म्याग्नेट, मिल्किङ मसिन (दूध दुहुने मेसिन), सोलर हट वाटर र फगर सिस्टम लगायत सामग्री माग गर्न सक्नेछन् ।

गाउँपालिकाभित्र रहेका इच्छुक कृषक, पशुफर्म वा दुग्ध उत्पादक सहकारीले आगामी २०८३ वैशाख १५ गतेसम्म आवेदन दिनसक्ने पशुसेवा शाखाले जानकारी दिएको छ । आवेदनका लागि गाउँपालिकाको पशुसेवा शाखा, वडा कार्यालय वा पशुसेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ । प्रस्ताव पेश गर्दा नागरिकताको प्रतिलिपि, फर्मदर्ता प्रमाणपत्र, प्यान नम्बर, करचुक्ता सम्बन्धित वडाको सिफारिस अनिवार्य गरिएको छ । कम्तिमा ५ वर्षको जग्गा सम्झौता वा लालपूर्जाको प्रतिलिपि पेश गर्नुपर्ने शाखाले जनाएको छ ।




# कुपोषण पहिचानका लागि राष्ट्रिय पोषण लेखाजोखा अभियान



साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ सरकारले देशैभर 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सञ्चालन गर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालबालिकाको पोषण सुधारका लागि देशभर राष्ट्रिय पोषण लेखाजोखा अभियान सञ्चालन गर्न लागेको हो ।

मन्त्रालयले सूचना जारी गर्दै ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाको पोषणअवस्था जाँचगरी कुपोषणको समयमै पहिचान र उपचार गर्ने उद्देश्यले मन्त्रालयले राष्ट्रिय पोषण लेखाजोखा अभियान सञ्चालनमा गर्न लागेको जानकारी दिएको छ । अभियान 'समयमै पहिचान, सही उपचार, कुपोषणमुक्त पुस्ताको आधार' भन्ने नारासहित वैशाख १५ देखि ३० गतेसम्म सञ्चालन हुनेछ । मन्त्रालयकाअनुसार अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्यस्वयंसेविका तथा नजिकका स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्यभागको घेरा (एमयुएसी) नापेर पोषण अवस्था मूल्यांकन गरिँदैछ ।

जाँचकाक्रममा कुपोषण देखिएका बालबालिकालाई बहिरङ्ग उपचार केन्द्रमार्फत तयारी उपचारात्मक खाना निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको मन्त्रालयले उल्लेख गरेको छ । अभियानले कुपोषणको जोखिममा रहेका बालबालिकाको समयमै उपचार सुनिश्चित गर्ने तथा दीर्घकालीन स्वास्थ्य समस्या न्युनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ । मन्त्रालयले बालबालिकाको नियमित पोषण जाँच गराई कुपोषणबाट जोगाउन अभिभावकलाई अभियानमा सहभागिता जनाउन अनुरोध गरेको छ । अभियान स्वास्थ्य संस्था, खोपकेन्द्र सामुदायिक क्लिनिक, वडा कार्यालय र सामुदायिक भवन, प्रारम्भिक बालविकास केन्द्रबाट सञ्चालन हुनेछ ।

# मध्यपृतना ट्रफी-२०८३ प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ मध्यपृतना मुख्यालय, सुपारेटारको आयोजनामा सोमबारदेखि 'मध्यपृतना ट्रफी-२०८३' सुरु भएको छ ।

वैशाख २८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको मध्यपृतना हेडक्वार्टरका पृतनापति उपरथि विष्णुबहादुर खड्काले एक समारोहबीच उद्घाटन गरेका थिए । प्रतियोगिता उद्घाटनसँगै सुरु भएको फुटबलतर्फको पहिलो खेलमा गोरख बहादुर गण विजयी भएको छ । हेटौंडास्थित सुपारेटार ब्यारेकको खेलमैदानमा सम्पन्न खेलमा गोरख बहादुर गण मकवानपुरले भैरवगण धादिङलाई २-१ गोलअन्तरले पराजित गरेको हो । प्रतियोगिता अन्तर्गत भोलि मंगलबार शेर गण र नयाँसबुज गणबीच प्रतिस्पर्धा हुने तालिका छ ।

प्रतियोगितामा सामूहिक विधातर्फ फुटबल, भलिबल, बास्केटबल तथा एकल विधातर्फ एथलेटिक्स स्वीमिङ, बक्सिङ र जुडो गरी आठ खेलमा प्रतिस्पर्धा हुनेछ । खेलतालिका अनुसार स्विमिङ र बक्सिङ मध्यपृतना हेडक्वार्टर हेटौंडामा हुनेछ भने बास्केटबल नं. ६ बाहिनी अड्डाअन्तर्गत शेर गण (नुवाकोट) मा, भलिबल भैरव गण (धादिङ) मा सञ्चालन हुनेछ । त्यस्तै, नं. ७ बाहिनी अड्डाअन्तर्गत नयाँसबुज गण (चितवन)मा तेक्वान्दो र जुडो तथा एथलेटिक्स र फुटबल गोरख बहादुर गण, सुपारेटार ब्यारेक (मकवानपुर) मा हुनेछन् ।

प्रतियोगितामा ६ नम्बर बाहिनी र ७ नम्बर बाहिनी अड्डाअन्तर्गतका विभिन्न युनिटका एकसय महिला सहित ५ सय ५० जना खेलाडी सहभागी छन् । प्रतियोगितामा ४ सय ७१ वटा पदकका लागि प्रतिस्पर्धा हुने जनाइएको छ । समापनको दिन वैशाख २८ गते सुपारेटार ब्यारेकको खेलमैदानमा फुटबलको फाइनल खेल आयोजना गरिनेछ । समापन समारोहमा विजेता खेलाडी तथा टोलीलाई पदक, प्रमाणपत्र र ट्रफी प्रदान गरिने कार्यक्रम छ । प्रतियोगितामा उत्कृष्ट भएका खेलाडीले प्रधानसेनापति ट्रफीमा सहभागिता जनाउनेछन् ।

साझाकुरा

## हाम्रो कुरा

# वनकरिया होमस्टेमा लगानी वालुवामा पानी

मकवानपुरको मनहरी-४ मुसेधापस्थित लोपोन्मुख वनकरिया बस्तीको घर वास 'होमस्टे' बन्द भएपछि गाउँपालिकाको लगानी वालुवामा पानी भनेझैं भएको छ । लोपोन्मुख वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गरी, वनकवरिया समुदायको आर्थिक उत्थान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको होमस्टे पर्यटकको अभावमा बन्द भएको हो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई बास बसेको घरलाई स्तरवृद्धि गरी मनहरी गाउँपालिकाको ६ लाख रुपैयाँ सहयोगमा गत २०७७ सालमा निर्माण गरिएको दुईकोठे होमस्टेको बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शुभारम्भ गरेका थिए । पर्यटकको अभावसँगै उचित संरक्षण हुन नसक्दा वनकरिया होमस्टेको संरचना जीर्ण अवस्थामा पुगेको छ । गाउँपालिकाले लगानी गरेपछि बाँस र परालको छाप्रो हालेर लिपपोत गरी चिटिक्क परेको होमस्टे बनाएका थिए वनकरिया समुदायले । सुरुको केही वर्षसम्म काठमाडौँ, हेटौंडा, पोखरालगायत ठाउँबाट अध्ययन गर्न थुप्रै संख्यामा विद्यार्थी र अनुसन्धानकर्ता आएका थिए तर, होमस्टेमा हस्पिटालिटीको अभाव थियो । पछिल्लो केही वर्षयता पर्यटक आउने क्रम घटेकाले होमस्टे बन्द गर्नुपरेको उनीहरुको भनाइ छ ।

विस्तारै पर्यटक आउन छाडेपछि लामो समयदेखि प्रयोगमा नआउँदा होमस्टेको संरचना कमजोर भएको स्थानीयले बताए । बाँसले बारिएको संरचना चिराचिरा परेकोले होमस्टेमा बस्न सक्ने अवस्था छैन । वनकरिया समुदायको परिकार सहित अन्य रैथाने परिकार उपलब्ध गराउने र वनकरिया समुदायको आयआर्जनमा टेवा पुऱ्याउन व्यावसायिकरुपमा सञ्चालन गर्ने गरी निर्माण गरिएको होमस्टे यतिबेला जीर्ण अवस्थामा छ । सरकारले उनीहरुलाई जंगली जीवनबाट मुसेधापस्थित बस्तीमा स्थानान्तरण गएपछि वनकरियाको विषयमा अध्ययन गर्न सुरुसुरुमा थुप्रै पर्यटक आउथे । त्यतिबेला होमस्टे राम्रै चल्यो तर, पछिल्लो दुई वर्षदेखि पर्यटक आउनै छाडेकाले होमस्टे जीर्ण भएको, त्यसैले हामी होमस्टे बन्द भयो । पर्यटकको चहलपहल नहुँदा होमस्टेको संरक्षण र मर्मतमा मात्र खर्च गर्नुपर्ने र उत्पादनहीन बन्नुपर्ने बाध्यता रहेको उनीहरुको भनाइ छ । वनकरिया बस्तीलाई पर्यटकीय गन्त्व्यको रुपमा विकास गर्न होमस्टे सञ्चालन गरिए पनि पर्यटकको अभावमा होमस्टे सोचे अनुकूल चल्न नसक्दा बन्द गर्नुपर्ने बाध्यता भएको उनीहरुले बताएका छन् । होमस्टे चलाउन पर्यटक चाहिन्छ, पर्यटक नै नआएपछि पैसा भएन र होमस्टेलाई व्यवस्थित रुपमा चलाउन सकिएन । गाउँपालिकाले होमस्टेमा लगानी त गऱ्यो तर, पर्यटन प्रवर्द्धन गर्ने ठोस कार्यक्रम ल्याएन, जसकाकारण वनकरिया बस्तीसम्म पर्यटकलाई ल्याउन सकिने गरी कार्यक्रम बनाउन सकिएन र बन्द भयो । नेपालकै लोपोन्मुख वनकरिया समुदायको बस्ती हेर्न र घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भएपनि राति बास बस्नसक्ने अवस्था नहुँदा होमस्टे धारासायी भएको स्थानीयको भनाइ छ । होमस्टे सञ्चालनसँगै त्यसको दिगोपन र व्यवस्थापनमा ध्यान दिन नसक्दा वनकरिया होमस्टे संकटमा परेको मनहरी गाउँपालिकाले बताएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातको रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जंगली जीवनबाट मानवबस्तीमा सारिएको हो । बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको बसोबास छन् । जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर जमिन उपलब्ध गराएको थियो । त्यहीं ठाउँमा वनकरिया करिब २० वर्षदेखि बन्दै आएका छन् । २०७८ सालको जनगणनाअनुसार वनकरिया जातिको कूल जनसंख्या १८० र मतृभाषा बोल्ने जनसंख्या ८६ देखाइएको छ । तर, वनकरिया समुदायमा २०८३ बैशाख पहिलो सातासम्मको तथ्यांक अनुसार ९१ जना मात्र जनसंख्या रहेको वडा कार्यालयले जनाएको छ । वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायले बताएका छन् । बस्तीमा हाल ४५ जना महिला र ४६ जना पुरुष गरी ९१ जना वनकरिया रहेको भनाइ छ । बस्तीका ९१ जनामध्ये ५० जनाको नागरिकता बनिसकेको र २६ जनाको मतदाता नामावलीमा नाम छ । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैंसी पालेका छन् भने कोही ज्यालामजदुरीको काम गर्ने गर्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १६ गते बुधबार २९ अप्रिल २०२६ । त्रयोदशी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:२९ सूर्यास्त ६:३६ । अन्तर्राष्ट्रिय नृत्य दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# वाचापत्रका शैक्षिक मुद्धाहरु सम्वोधनको साईत पर्खेकै हो त ?



✍रमेश प्रसाद लामिछाने

शिक्षाका मुद्दाहरुले शैक्षिक सरोकार वर्गलाई आकर्षण गर्नु स्वभाविक हो । विशेषत: विद्यालय शिक्षा ऐनले सबैभन्दा बढि प्रभाव पारेकोमा कतै बिमति छैन । वि.सं.२०२८ को शिक्षा ऐनलाई परिमार्जनका नाममा दर्जनौं पटक टालटुल गर्दै आएको ५४ वर्ष भैसक्यो । यो हदै सम्मको शैक्षिक बेवास्ताको प्रमाण हो । प्रत्येक निर्वाचनमा हरेक पार्टीले शिक्षा ऐन ल्याउने प्रतिवद्धता गरेकै हुन् । बिश्वविद्यालय छाता ऐन ल्याएर उच्च शिक्षाको सुदृढीकरण र सबलीकरण गर्ने कुरा पनि सबैको एजेण्डा बनेकै हो । हाम्रो दलले चुनाव जिते पश्चात सरकार बन्ने बित्तिकै नयाँ शिक्षा ऐन र विश्वविद्यालय छाता ऐन आईहाल्छ भन्दै शिक्षकहरु संगै प्राध्यापकहरु चुनावताक ब्यापक उत्साहित भएर हिंडेको अस्ति जस्तो लाग्छ । तर, बिडम्वना, न शिक्षा ऐन ल्याए नत उच्च शिक्षा ऐन नै ल्याउन सके । चुनाव पनि धेरै भए । सरकार पनि अनेकौं पटक बने । प्रत्येक पटक उहि नारा दोहरिए । यसपाली पनि, सबै दलको चुनावी घोषणा पत्रमा बिगतमा झैं विद्यालय शिक्षा ऐन र उच्च शिक्षा ऐन ल्याउने वाचा गरिएको छ । अबको सरकारबाट शिक्षा ऐन र विश्वविद्यालय शिक्षा ऐन आउनमा कुनै बहाना बाँकी छैन । किनकि यो सरकार एकै दलको बहुमतको मात्र नभै करिब दुईतिहाईको बन्नेछ । यो वि.सं. २०१५ साल पछिको सबैभन्दा शक्तिसाली सरकार हुनेछ ।

राष्ट्रिय स्वतन्त्र पार्टी प्रतिको जन बिश्वास र प्रतिनिधि सभामा रास्वपाको उपस्थिति अनपेक्षित नै भन्नुपर्छ । कुनै पनि दलले नसोचेको परिणाम देखियो । स्वयम् रास्वपाले पनि यत्ति सिट जित्ने कल्पना गरेको थिएन होला । अब, रास्वपाको चुनावी बाचा के थिए ,भनेर एक एक केलाउनु स्वभाविक मान्नैपर्छ । सरकार बनेपछि कहाँबाट के के नयाँ थालनी हुन्छ , त्यो उत्सुकतापूर्वक हेरिएको छ । जनताका अपेक्षाहरु महत्वाकाँक्षी हुनु अन्यथा होईन । निर्वाचनका बेला दलगत घोषणापत्रका रुपमा रास्वपाले भने वाचापत्र प्रस्तुत गरेको थियो । उक्त बाचापत्रका बिभिन्न शिर्षकहरु मध्ये शिक्षा संग जोडिएका सबाल प्रति शिक्षा सरोकारवर्गको ध्यानाकर्षण भएको छ । हाम्रो शिक्षा ब्यवस्था अस्तब्यस्त भएकै हो । विद्यालय शिक्षा मात्र हैन, उच्च शिक्षाको हविगत पनि हेर्न लायक नाजुक क्षणबाट गुज्रीरहेको तथ्य स्विकार्नै पर्दछ । विद्यालय शिक्षा ऐन र उच्च शिक्षा ऐन जारी गर्ने सबालमा सबै पार्टीहरुले घोषणा पत्र वा प्रतिवद्धता पत्र वा बाचा पत्र सबैमा उल्लेख गरेका छन् । शिक्षा संग जोडिएका सबालहरुबाट प्रमुख दलहरुले उठाएको एउटा विषयमा यो आलेख केन्द्रीत रहेको छ ।

रास्वपाले बिशेषगरि शिक्षण संस्थाहरुमा राजनीतिक हस्तक्षेप र दलिय भागबण्डाको अन्त्य गरिने मुद्दा उठाएको छ । सरकारी विद्यालयहरुमा देखिएको राजनीतिक हस्तक्षेपलाई रास्वपाले गम्भिरता साथ महसुस गरेको भनिएको छ । यद्यपि यो विषयलाई अरु दलहरुले पनि जोडदार रुपमा अघिसारेका छन् । शिक्षामा राजनीतिक हस्तक्षेप र दलगत भागबण्डा क्यान्सर सरह नै साबित भएको तथ्यमा शंका छैन । विद्यालय ब्यवस्थापन समितिका गठन हुँदा देखिएका भोगिएका हर्कतहरु जगजाहेर छन् । निस्वार्थ सामाजिक सेवा भनिएका समितिमा जानका लागि गरिएका क्रियाकलापहरु निकृष्ट भएकै कारणले यो विषय सतहमा आएको हुन सक्छ । विव्यसको अध्यक्ष बन्न गरिएका हर्कतहरु, आर्थिक चलखेल र जसरी पनि पदमा पुग्नका लागि गोली समेत चलेका घटनाहरुले राजनीतिक हस्तक्षेपलाई सहजै बुझ्न सकिन्छ । समितिका अध्यक्ष देखि सदस्यहरु सम्मको भागबण्डा गरेर दलहरुको प्रत्यक्ष हस्तक्षेपलाई स्थापित गर्ने र परम्परा नै बसाल्ने कामले सार्वजनिक शिक्षालाई ध्वस्त बनाउँदै नीजिकरणलाई प्रश्रय दिने काम भएकै हो । समितिको गठन पुनर्गठन मात्र हैन, शिक्षकहरुको सरुवा र नियुक्तिमा पनि उस्तै खेल देख्न सकिन्छ । विद्यालयमा खाँचो भएको विषय शिक्षक हैन, दलिय भागबण्डामा जो पर्छ ,त्यो प्रधानाध्यापक बनाईने र सरुवा हुने वा समिति बसेर भागबण्डा अनुशार रकमका आधारमा शिक्षक नियुक्त गरिने पद्धति नै बसाईयो ।

सबाल शैक्षिक संरचना र समग्र प्रणालीसंग जोडिएको छ । प्राध्यापक,शिक्षक र कर्मचारीहरुका समस्याका कुरा चुनावताक गर्ने मात्र हैन । नसकिने कुरा नबोलौं । सकिने गरेर साबित गरौं । यो वर्ष यत्तिवटा पूरा गर्छौं र बाँकी अर्को वर्ष यति गर्छौं भनेर नढाँटी गरेर देखाउन कस्ले छेक्छ र ? शिक्षा प्रशासन लथालिङ्ग छ, तपाईले नै भनेको होईन र ? चुस्त र कामयावी अनि सम्मानजनक शिक्षा प्रशासन बनाउँने भनेर बाचा गरेको हैन ? प्राविधिक शिक्षा त्यस्तै निरिह हविगतमा घस्रिरहेको देख्नु नै भएको छ । हरेक स्थानियतहमा प्राविधिक शिक्षालय संचालन गर्ने भनिएका कार्यक्रमको प्रभावकारिता हेर्नुभएको छ ? अनुमती दिएर मात्र शिक्षण संस्था चल्छ त ? आज कैयौं प्राविधिक शिक्षालय ताला लागेको बास्तविकता बुझ्नु भएको छ ? पाठ्यक्रम बिकास केन्द्रलाई प्राण भर्न जरुरी छ भनेको भुल्नु भयो ? माध्यमिक तहकै जाँचका लागि २ वटा परीक्षा नियन्त्रण कार्यालयका बोर्ड झुण्ड्याएर गरेको नाटक त देखिएकै छ । त्यस्तै प्रत्येक नतिजामा बिवादित भै मुद्दै पिच्छे शिक्षकको रिजल्ट फेरबदल गर्ने शिक्षक सेवा आयोग हामीले ब्यहोरिरहेकै छौं ।

हालको अवस्थामा निशुल्क शिक्षा लोकप्रिय नारा बनेको छ । मुख्य कुरो भनेको पैसाको कारणले कुनैपनि विद्यार्थी पढाईबाट बन्चित नहोउन भन्नेमा केन्द्रित हुँदा हुन्न र ? बेठीक र गलत गर्दा पनि आफ्ना नजिकका भनेर ढाकछोप गर्ने अनि राम्रा र असल काम गर्नेलाई बेवास्ता गर्ने निकृष्ट कर्मको बन्धनबाट मुक्त भै शिक्षामा दण्ड र प्रोत्साहनका मुद्धालाई प्राथमिकतामा राख्ने हिम्मत खाँचो छ । आफ्नो चाकडी र प्रशंशा गर्ने मात्रै ठीक र राम्रा अरु सबै बेठीक र नराम्रा देख्ने चस्मा आजै मिल्काउदाँ हुन्न र ? वर्तमान नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षा स्थानियतहमा जिम्मा लगाएको छ । आधारभूत अर्थात कक्षा ८ सम्मको शिक्षा अनिवार्य र निशुल्क भनिएको छ । माध्यमिक तह अर्थात कक्षा १२ सम्मको शिक्षा निशुल्क उल्लेख गरिएको छ । यसरि संविधानले गरेको ब्यवस्था कार्यान्वियन भएको छ छैन, त्यो तपाईंलाई स्पष्ट थाहा छ । सक्ने भए ब्यवहारमा गरेर देखाउनुपर्छ हैन भने कानूनमै यत्ति वर्षमा यो काम गर्ने हो भनेर किटानी गर्न तपाईलाई कस्ले छेकेको छ र ? अन्यथा, संविधान, कानून र नियमको धज्जी उडाउन पाईन्छ र ? एक दर्जन आयोग संविधानमा अटाउँदा शिक्षा आयोग संवैधानिक बनाउन आवश्यक नदेखिनु अर्को दुर्भाग्य भन्नै पर्दछ ।

विश्वविद्यालय शिक्षामा दलिय हस्तक्षेप र भागबण्डा झनै टड्कारो देख्न सकिन्छ । उपकुलपति, डिन, कलेज प्रमुख, परीक्षा नियन्त्रक, रजिष्ट्रार, प्राध्यापक, कर्मचारी सबै नियुक्तिमा दलगत हस्तक्षेप र यो पद यो पार्टीको भागमा भन्दै बार्गेनिङ्ग गर्ने र नभए सम्म पद नै रिक्त राख्ने हर्कत कतै छिपेको छैन । योग्यता र क्षमताका सबालहरुमा सम्वन्धित आयोगहरु केन्द्रीत हुँदैनन् । संवैधानिक आयोगहरु समेत दलिय छाँयामा परेका घटनाहरुले गणतन्त्रलाई नै चुनौती दिएको स्पष्ट छ । दलका नेता अर्थात अध्यक्षको मुख ताकेर पर्खने र संकेत नभएसम्म सिफारिस नै नगर्ने ट्रेन्ड हावी भएकै हो । विश्वविद्यालय अनुदान आयोगमा गरिने नियुक्ति त झनै लज्जास्पद लाग्दछ । भेटी अर्थात दाम चढाएर नियुक्त हुने पदाधिकारीले सधैं बुझाएको रकमको सावाँ ब्याज र अतिरिक्त कमाईको अवसर मात्र हेर्ने नै भयो । कलेज सम्वन्धन दिंदा रकम हेर्ने हो, मापदण्ड त कागजमा मात्र देखाईन्छ । नियमित अनुदानमा समेत कति रकम पाईन्छ भनेर हिसाब गर्नेहरुबाट हामी स्तरीय शिक्षा ब्यवस्थाको अपेक्षा गर्दछौं । यो भन्दा बिडम्वना के नै हुन सक्छ ? झोले कलेजहरु बनाएर भवन निर्माणका नाममा करौंडौं अनुदान दिने भ्रष्ट आयोगलाई कार्बाहीका दायरामा आएको हेर्न बाँकी छ । एउटा विश्वविद्यालय ब्यवस्थित गर्न नसक्नेहरु डेढ दर्जन विश्वविद्यालयहरु स्थापना गरेर उच्च शिक्षामा दलगत हस्तक्षेपलाई संस्थागत बनाईरहेको तथ्य यो शक्तिसाली सरकारले विश्लेषण गर्नैपर्छ ।

दलीय हस्तक्षेपको अर्को सशक्त अंगका रुपमा शिक्षक तथा कर्मचारीहरुको संगठनलाई हेरिएको छ । ट्रेड युनियन अधिकारका नाममा गठन भएका शिक्षकका पेशागत संगठनहरु अहिले डेढ दर्जन पुगिसकेका छन् । प्रत्येक राजनीतिक पार्टीका घोषित वा अघोषित भगिनी संस्थाका रुपमा स्थापना भएका यी संगठनहरुले शिक्षण संस्थाहरुमा विशेष पहुँच राख्दछन् । आफ्नो पार्टीको सरकार बन्दा मन्त्रालयलाई नै प्रभावित पारी आफ्ना अनेकौं स्वार्थ पूरा गर्दछन् । पेशागत सम्मान र मर्यादा संग जोडिनु पर्ने शिक्षक र कर्मचारीका संगठनहरुबाट शिक्षण संस्थाहरु मात्र हैन, शिक्षा मन्त्रालय नै प्रभावित हुँदैं आएकोमा कतै बिमति छैन । त्यस्तै विश्वविद्यालयतहमा पनि प्राध्यापकहरुको संगठनले सिधै हस्तक्षेप गरि सरुवा तथा नियुक्ति गर्न बाध्य बनाएका समाचार बाहिर आएकै छन् । यो गम्भिर विषय बन्न सक्छ । दलगत भागबण्डाको अन्त्य र राजनीतिक हस्तक्षेपबाट शिक्षण संस्थाहरुलाई मुक्त गर्ने कुरा जति प्रिय छ, त्यति नै जटिल पनि भएको तथ्य स्विकार्नै पर्दछ । शिक्षक , कर्मचारी र प्राध्यापकहरुको कानून बमोजिम तोकिएका ट्रेड युनियन सम्वद्ध अधिकारलाई कायम राखेर गलत हस्तक्षेपको अन्त्यका लागि सबैको सहयोग र समर्थन रहन सक्छ । संगै, पेशागत संस्था एउटै बनाउनु राम्रो हुन्छ । प्रत्येक पार्टीका भगिनी संगठनहरुलाई पेशागत सम्मान र मर्यादा संग जोडेर राजनीतिक एजेण्डाबाट शैक्षिक एजेण्डामा रुपान्तरित गर्न जरुरी छ । यी पेशागत संस्थाका सबालमा समेत ऐन नियममै किटानी गरि दलगत हैन, एउटा मात्र पेशागत संगठन बनाउनु राम्रो हुन्छ । शिक्षण संस्थाहरुमा हुने दलिय भागबण्डा सहितको गलत हस्तक्षेप अन्त्य र वाचापत्रमा उल्लेख शैक्षिक सबालहरुको कार्यान्वयनका लागि बालेन नेतृत्वको सरकारलाई सफलता मिलोस भन्ने अपेक्षा सहित शुभकामना ब्यक्त गर्दछु ।

# निमुखालाई बेघर बनाएर बलियो बन्न सक्दैनन् बालेन

✍बिनु सुवेदी

२०३२/३३ सालतिर धादिङका मीन सुवेदीले नुवाकोटको त्रिशुलीमा लक्ष्मी श्रेष्ठसँग विवाह गरे । उनीहरूको अन्तरजातीय विवाहलाई त्यसबेलाको समाजले स्वीकार गरेन । दाजुभाइले अन्तरजातीय श्रीमती लिएर घरभित्र पस्न दिएनन् । मायाले दिलमा भित्र्याएकी लक्ष्मीलाई मीनले छोड्न चाहेनन् । जिन्दगीका अनेक घामपानी सहँदै यो जोडी २०४६ सालको जनआन्दोलनपछि काठमाडौं गैरीगाउँको बागमती किनारामा पुगेर टहरो हालेर बस्यो । त्यसबेला जनआन्दोलनमा सहभागी हुने मजदुर र भूमिहीनलाई राज्यले जग्गा उपलब्ध गराउने आश्वासन दिएकाले नै मीन र लक्ष्मीको जोडी यहाँ पुगेको हो । र, यो देशको जात व्यवस्थाले यो दम्पतीलाई सुकुमवासी बनाएको हो ।

जिन्दगीको ३५ वर्ष बागमतीकै बेगमा बागमतीकै किनारामा बिताएको यो जोडीले उत्तरार्धमा आफैंले सबैभन्दा सुरक्षित ठानेको घरमा आँखै अगाडि राज्यले डोजर चलाएको देखे । डोजरको आवाजको उचाइका अघिल्तिर यो वृद्ध दम्पतीको आँसुले नापेको गहिराइको हिसाब आउँदो समयले गर्ला नै । तर, आफ्नो नाममा एक टुक्रा जमिन नहुँदा राज्यको भरोसा र सहारामै रहेका यो दम्पती जस्तै सकुमवासीको आर्तनाद एउटा राज्यका रूपमा क्षमायोग्य होइन । बर्खामा नदी र अरू बेला राज्यको आतंक सुकुमवासीका लागि यसै पनि रहरको विषय थिएन ।

उनीहरू पनि आफैंले बनाएको भरोसाको छानो चाहन्छन्, त्यसकै लागि नै करिब ७ लाख अव्यवस्थित बसोबासी र करिब ३ लाख सुकुमवासी राज्यको सहारा पर्खेर बसेका थिए । तर चुनावका बेला भोट माग्न नारा लिएर आउने दलहरू र चुनावपछि डोजर लिएर आउने राज्यको अनुहार एउटै हो भन्ने कुराको पटाक्षेप यसपालि भएको छ । किनाराका बस्तीका यी सुकुमवासीको घरको छानो मात्रै हैन भरोसाको छानो पनि उडेको छ र कोही नहुँदा साथमा हुनुपर्ने राज्यले नै सुकुमवासीहरूलाई धरधरी रुवाएको छ । यस्तो बेला राज्यद्वारा सिर्जित विपत्तिको हिसाब माग्न कहाँ जाने हो ? स्कुल जाँदाजाँदैका नानीबाबुहरू, परीक्षा दिँदादिँदैका विद्यार्थीहरू, सुत्केरी महिला, बिरामी सबैले गरिब भएवापत आफ्नो आत्मसम्मानमाथि चलेको डोजरको जवाफ कहाँ खोज्ने हो ? एउटा ओतका लागि विदेश पुगेको छोरोले ज्यानसँग साटेको पैसाले एक झर पानी थाम्न बनाएको टहराबाट सम्झनाका सामानसमेत निकाल्ने अवसर नदिने राज्यसँग अब के गुनासो गर्ने हो ? राज्यले सिर्जना गर्ने विपत्ति प्रकृतिले सिर्जना गर्ने विपत्तिभन्दा पनि कहालीलाग्दो हुनुपर्थ्यो र ?

भन्न त भनिएको छ, सुकुमवासीलाई स्क्रिनिङ गरेर उचित बसोबासको व्यवस्था मिलाइने छ । त्यसका लागि पहिले प्रक्रियागत जाने, बसोबासको व्यवस्थापन गर्ने र स्थानान्तरण गर्ने हो कि यसरी लहडमा गएर तहसनहस पारिदिने हो ? एक दिन मात्रै पनि जिन्दगीको रुटिन बिग्रियो भने गाँसको समेत प्रबन्ध हुन नसक्ने अवस्थाका सुकुमवासीमाथि यो निर्ममता झन्डै दुई तिहाइको सरकारको दम्भ भने बालेन सरकारले पनि बिर्सिनु हुँदैन, २०७४ को निर्वाचनले केपी शर्मा ओली नेतृत्वको कम्युनिस्ट गठबन्धनलाई झन्डै दुई तिहाइ दिएको थियो । तिनै १० लाख भूमिहीन, भूमिहीन दलित र सुकुमवासीको मतको हिसाब पनि बालेनले नेतृत्व गरिरहेको सरकारले चुक्ता गर्नुपर्छ । तर सुकमवासीका नाममा हुकुमवासीले मनमौजी गरे भन्ने बाहनामा सुकुमवासीलाई झन् बिल्लिबाठ बनाउन लोकतन्त्रको कुन चरित्रले यो सरकारलाई अनुमति दियो ?

यी प्रश्न केवल भावनात्मक आक्रोश होइन, लोकतान्त्रिक चरित्र गुमाइरहेको राज्यलाई यो राज्य संघीय लोकतान्त्रिक गणतन्त्रकै आडमा बाँचेको छ भनेर सम्झाउनु पनि हो । लोकतन्त्रको आधार जनताको शासन मात्र होइन, जनताको हितमा शासन पनि हो । सरकार चलाउनेहरूले पनि भुल्न नहुने हो, ती सबैभन्दा पहिले त जनताका छोराछोरी नै हुन् । जब राज्यले आफ्नै कमजोर नागरिकमाथि शक्ति प्रयोग गर्छ, त्यो शासन लोकतान्त्रिकभन्दा बढी दमनकारी देखिन्छ । लोकतन्त्रको एउटा मुख्य सिद्धान्त सार्थक समानता हो । सबै नागरिकलाई समान अवसर र संरक्षण उपलब्ध गराउनु राज्यको आधारभूत दायित्व नै हो । तर सुकुमवासीमाथि डोजर चलाउने कार्यले राज्यले समानता होइन, असमानतालाई नै संस्थागत गऱ्यो भन्ने स्पष्ट देखिन्छ । यसरी राज्य आफैंले कमजोर वर्गमाथि शक्ति प्रयोग गर्दा लोकतन्त्रको मूल मर्म नै कमजोर बन्छ र शासनको नैतिक आधार डगमगाउँछ । सरकार बनेको एक महिनामा नै लोकतान्त्रिक चरित्र गुमाएको सरकारले अरू पाँच वर्ष कसरी चलाउँछ, अरू कति अलोकतान्त्रिक बन्छ, अब हामीले साँच्चिकै शंका गर्नुपर्ने बेला भएको हो ?

लोकतन्त्र मान्ने मुलुकको सरकार यसै पनि सामाजिक सम्झौताको अवधारणामा आधारित हुन्छ । नागरिकले राज्यलाई वैधता दिन्छन् र त्यसको बदलामा राज्यले उनीहरूको सुरक्षा, सम्मान र आधारभूत अधिकार सुनिश्चित गर्छ । नेपालमा पनि जनताले राज्यलाई वैधता दिएको हो । यसरी वैधता दिनेमा करिब १० लाखा भूमिहीन, भूमिहीन दलित र सुकुमवासी पनि थिए । फेरि राजनीतिक सिद्धान्तले नागरिक अधिकार सुनिश्चित गर्ने सन्दर्भमा पछिल्लो सरकारलाई अघिल्लो सरकारको अविछिन्न उत्तराधिकारी मानेको हुन्छ । सुकुमवासी पनि कुनै न राज्यकै आश्वासनमा बस्ती बस्छन्, दशकौंसम्म श्रम र योगदानमार्फत समाजको हिस्सा बन्छन्, तर त्यही राज्यले उनीहरूको आधारभूत अधिकार आवासमाथि हस्तक्षेप गरेको छ । यो हस्तक्षेप सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक अधिकारको पनि विरुद्धमा छ । त्यसैले व्यवस्थित गर्ने नाममा बिना कुनै तयारीविना राज्यले सुकुमवासीमाथि देखाएको बर्बरताले सामाजिक सम्झौता भङ्ग गरेको र राज्यको नैतिक वैधतामाथि गम्भीर प्रश्न उठाएको छ । र, लोकतन्त्रमा जनताले सवाल गरेको सत्ता सफल हुन सक्दैन ।

सुकुमवासी किन सुकुमवासी बनेर नदी किनारासम्म पुगे भन्ने कुराको विश्लेषण नगरी, कारण नखोजी व्यवस्थापनका नाममा जनतामाथि गरिएको जबरजस्तीले फेरि पनि राज्य त उच्च वर्गकै पोल्टामा रहेछ र गरिबलाई सुनिदिने कोही पनि रहेनछ भन्ने पुष्टि भएको छ । जबकि, भूमिहीनलाई भूमिहीन बनाउने सबैभन्दा ठूलो भूमिका त विगतका निरंकुश शासकले नै गरेका थिए । ऐतिहासिक रूपमा जमिनको स्वामित्व उच्चजातीय समूहको हातमा केन्द्रित रह्‌यो, जसको उदाहरण अहिलेकै सरकारमा रहेका उच्चवर्गीय मन्त्रीहरू हुन् जसका परिवारका नाममा सयौं बिघा/रोपनी जमिन ठाउँठाउँमा छ । परिणामत: आज सुकुमवासीमध्ये ठूलो हिस्सा दलित समुदायको छ । यस्तो अवस्थामा राज्य एग्रेसिभ भएर मात्र हुँदैनथ्यो, उसले सुधारात्मक न्याय अपनाउनुपर्थ्यो । विगतका अन्याय सच्याउने नीति ल्याउनुपर्थ्यो र एउटै मान्छे भएवापत एउटा मान्छे पाउने आधारभूत न्यायको सम्मान गर्नुपर्थ्यो । तर व्यवहारमा राज्यले उल्टै पीडितलाई नै दण्डित गऱ्यो, जसले न्यायको अवधारणालाई नै उल्ट्याएको छ । दलितसँग माफी माग्छु भनेर वाहवाही बटुलेको सरकारले आफ्नै घोषणामाथि घात गरेको छ ।

दलितसँग माफी माग्ने निर्णय गरेको एक महिना पनि नपुग्दै त्यही समुदायलाई बासविहीन बनाउने र यो राज्यको कस्तो चरित्र हो ? कि राज्यले दलित पनि पहुँचवाला दलितसँग मात्रै माफी माग्ने भनेको थियो ? तर सबैभन्दा धेरै सुकुमवासी दलित नै हुन् भन्ने तथ्य राज्यसँग छैन । नत्र जनताको सरकारले त शब्दमा व्यक्त गरिएको सहानुभूति व्यवहारमा रूपान्तरण गर्न सक्नुपर्थ्यो । संरचनात्मक सुधारका लागि आवश्यक राजनीतिक इच्छाशक्ति देखिनुपर्थ्यो । तर पुरानाहरूमाथि विश्वास टुटेर र नयाँ हुन केही गर्छन् भनेर जनताले देखाएको विश्वासमाथि घात गरेर आफ्नै प्रतिबद्धतामाथि नै प्रश्न उठ्ने काम यो सरकारले गऱ्यो । यस्तो दबंग शैलीले झन्डै दुई तिहाइको सरकार मात्रै होइन, शतप्रतिशत मतको सरकारको पनि आयु लामो हुँदैन ।

अझै उदेक लाग्दो त सुकुमवासी समुदायबाट सरकारमा पुगेका प्रतिनिधिहरू मौन देखिन्छन् । यसले वर्णनात्मक प्रतिनिधित्व र वास्तविक प्रतिनिधित्वबीचको अन्तर स्पष्ट पार्छ । सत्तामा उपस्थित हुनु मात्र पर्याप्त हुँदैनह त्यो सत्तालाई आफ्नै समुदायको हितमा प्रयोग गर्न सक्नुपर्छ भन्ने मान्यतालाई पुन: पुष्टि गरेको छ । तर जब प्रतिनिधि नै मौन बस्छन्, तब उनीहरूको उपस्थितिले समुदायको पीडा सम्बोधन गर्न सक्दैन । राज्यको अर्को महत्वपूर्ण पक्ष यसको मानवीय संवेदना हो । कल्याणकारी राज्यको अवधारणाअनुसार राज्यले कमजोर र सीमान्तकृत वर्गलाई संरक्षण दिन्छ । तर यहाँ राज्यले संरक्षण होइन, दमनकारी उपाय अपनायो । सुत्केरी महिला, बालबालिका, बिरामी सबै एउटै कठोर नीतिको मारमा परे । यसले राज्यको मानवीय पक्ष कमजोर बनायो र शासनको संवेदनशिलतामाथि प्रश्न उठायो । *(साभार: अनलाइनखबर)*

# अर्थमन्त्री वाग्लेले ७३ बुँदामा गरेको अर्थतन्त्रको चिरफार



काठमाडौं / अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १३ चैत २०८२ का दिन पदभार ग्रहणका बेला गरेको घोषणा अनुसार अर्थतन्त्रको वर्तमान स्थितिपत्र १४ वैशाख २०८३ मा सार्वजनिक गरे । 'नेपाल स्रोत, सम्भावना र सदिच्छामा समृद्ध भएर पनि सोच, संकल्प र शासकीय सदाचारको संकटले गर्दा समुन्नत हुन सकेन,' ७३ बुँदामा अर्थतन्त्रको वर्तमान अवस्था चिरफार गर्दै अर्थमन्त्री वाग्लेले भने, 'अब मुलुकको अर्थतन्त्र पुनर्संरचना र स्तरोन्नतिको चरणमा प्रवेश गरेको छ ।'

ठूलठूला परिवर्तनपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा विगतमा समेत श्वेतपत्र सार्वजनिक गर्ने चलन थियो । सोही क्रममा अघिल्ला नेतृत्वलाई आलोचना मात्र गर्ने प्रवृत्ति छाड्दै अर्थमन्त्री वाग्लेले तुलनात्मक रूपमा सन्तुलित हुँदै आफूलाई प्रस्तुत गरे । विगतमा राम्रा कामलाई जस दिन कन्जुस्याइँ नगरेका उनले नेपाली अर्थतन्त्रको मुख्य चुनौती स्रोत अभावमात्र नभई अवधारणागत अस्पष्टता, संस्थागत कमजोरी र फितलो कार्यान्वयन रहेको उल्लेख गरे ।

'यसबाट बाहिर निस्कन निरपेक्ष उदारीकरण मात्र पर्याप्त छैन,' उनी भन्छन्, 'अब आवश्यक छ, बृहत संरचनात्मक सुधार, जसले प्रतिस्पर्धा प्रवर्द्धन गर्छ, नवप्रवर्तन र प्रविधि आत्मसात गर्छ, नयाँ उद्यमीलाई प्रवेशको अवसर दिन्छ र अर्थतन्त्रलाई रेन्ट सिकिङबाट रोजगारी केन्द्रित दिगो वृद्धितर्फ रूपान्तरण गर्छ ।'

### वाह्य चुनौतीको मारमा अर्थतन्त्र

अर्थ मन्त्रालयले पछिल्लो विश्व भूराजनीतिक तनाव र पश्चिम एसिया युद्धले नेपालको अर्थतन्त्रमा बहुआयामिक चुनौती थप्ने स्वीकारेको छ । मन्त्रालयका अनुसार पश्चिम एसियाका १५ मुलुकमा साढे १७ लाख नेपाली कामदार छन् । यी मुलुकले कुल रेमिट्यान्सको ३७.४ प्रतिशत हिस्सा ओगट्ने गरेको तथ्यांक छ ।

मन्त्रालयका अनुसार युद्धका कारण आपूर्ति शृंखलामा अवरोध आउँदा अन्तर्राष्ट्रिय कच्चा तेलको मूल्य एक महिनामै ६० प्रतिशतले बढेको छ । यसले रासायनिक मलमा निर्भर नेपाली अर्थतन्त्रलाई थप प्रभाव पार्ने अर्थको विश्लेषण छ ।

यस क्षेत्रबाट निर्यात २ प्रतिशत र आयात ५ प्रतिशत हार ाहारी हुने देखिन्छ । दोहा, दुबई र अबुधाबी जस्ता प्रमुख अन्तर्राष्ट्रिय ट्रान्जिट प्रभावित हुँदा पर्यटन र वैदेशिक व्यापारमा प्रतिकूल असर पर्ने मन्त्रालयको भनाइ छ ।

### ग्रे लिस्ट जोखिम र स्तर ोन्नति दिगोपनमा चुनौती

नेपाल सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा ग्रे लिस्टमा छ । यसबाट हट्न ल्याइएका सुधारका प्रबन्ध कार्यान्यन अर्थपूर्ण र नतिजामुखी नभएको अर्थले बताएको छ । यसले आगामी दिनमा वैदेशिक व्यापार, लगानी र अन्तर्राष्ट्रिय बैकिङ कारोबारमा थप अड्चन आउन सक्ने आकलन गरिएको छ ।

अर्कातर्फ, मुलुक २४ नोभेम्बर २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछ । विकास यात्रामा यो एक महत्त्वपूर्ण कोशेढुंगा भए पनि स्तरोन्नतिलाई दिगो बनाउनु चुनौति रहेको अर्थले बताएको छ ।

प्रतिव्यक्ति आयमा नेपाल कमजोर अवस्थामा छ । आर्थिक सामर्थ्य र आयस्तर विकासशील राष्ट्रको तहमा नपुगी हुने स्तर ोन्नतिले अन्तर्राष्ट्रिय सुविधा कटौती र सहुलियतपूर्ण वैदेशिक सहायतामा कमी आउने जोखिम रहन्छ ।

मन्त्रालयले दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा समेत अपेक्षित प्रगति हासिल गर्न नसकिएको बताएको छ । नेपालले सन् २०३० सम्म दिगो विकास लक्ष्यको ६०.५ प्रतिशतमात्र प्रगति प्राप्त गर्न सक्ने अनुमान अर्थ मन्त्रालयको छ ।

### सुशासनमा कमजोर, मानव विकास सूचकांकमा सुधार

अर्थ मन्त्रालयले भ्रष्टाचार नियन्त्रण र सुशासन पक्ष कमजोर रहेको निष्कर्ष निकालेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनललाई उद्धृत गर्दै मन्त्रालयले मुलुक अहिले विश्वका बढी भ्रष्टाचार हुने देशमा रहेको उल्लेख गरेको छ । यो अवस्थाले मुलुकको विकास र वैदेशिक लगानीको वातावरणमा नकारात्मक असर पार्ने मन्त्रालयले जनाएको छ ।

उता, मानव विकास सूचकांकमा भने क्रमिक सुधार भइर हेको भन्दै अर्थले प्राप्त उपलब्धि सन्तोषजनक नरहेको उल्लेख गरेको छ । सार्वभौम साख मूल्यांकनमा सुधार गर्दै लगानीयोग्य श्रेणीमा लैजानुपर्ने आवश्यकता समेत आर्थिक स्थितिमा देखाइएको छ ।

पछिल्लो मूल्यांकनमा नेपालको अवस्था बीबी माइनस र स्थिर परिदृष्यमा कायम छ । यसले मुलुक अर्थतन्त्रको लगानीका लागि मध्यम जोखिमयुक्त मानिन्छ । साथै, आफ्नो ऋण दायित्व पूरा गर्न सक्षम रहेको समेत अवस्था छ ।

अर्थले भनेको छ, 'यो रेटिङ नेपालका लागि सकारात्मक प्रस्थान बिन्दु हो, जसले वैदेशिक लगानी भित्र्याउन र अन्तर्राष्ट्रिय मञ्चमा वित्तीय विश्वसनीयता कायम गर्न मद्दत पुर्‍याउँछ ।'

### आर्थिक वृद्धि न्यून र अस्थिर

मन्त्रालयले आर्थिक स्थितिपत्रमा उल्लेख गरे अनुसार पछिल्लो एक दशकमा आर्थिक वृद्धिदर औसत ४.२ प्रतिशतमात्र छ । यस अवधिमा २.४ प्रतिशतको संकुचनदेखि ९ प्रतिशतसम्मको विस्तार अर्थतन्त्रमा भएको छ ।

अर्थतन्त्र कृषिबाट औद्योगिकीकरण नहुँदै सेवा क्षेत्रमा विस्तार हुँदा आय र उत्पादकत्व बढाउन नसकिएको अर्थले लेखेको छ । अर्थतन्त्र परम्परागत कृषिमा आधारित रहेको उल्लेख गर्दै अर्थ मन्त्रालयले यस क्षेत्रको वृद्धिदर एक दशकमा औसत ३ प्रतिशतमात्र रहेको बताएको छ ।

उद्योगको अवस्था कमजोर रहेको देखिन्छ । अर्थतन्त्रमा औसत ५.४ प्रतिशतको योगदान रहेको यो क्षेत्रको विस्तार एक दशकमा औसत २.९ प्रतिशतमात्र छ । अपर्याप्त लगानी, आयातित कच्चापदार्थमा अधिक निर्भरता, नवप्रवर्तन तथा उन्नत प्रविधिको न्यून अवलम्बन, उच्च उत्पादन लगायत जस्ता समस्यामा औद्योगिक क्षेत्र फसेको देखिएको छ । विद्युत् उत्पादनमा भने यो दशक प्रगतिउन्मुख देखिन्छ । मन्त्रालयका अनुसार २०६८ सालसम्म ६९७.८५ मेगावाट विद्युत् जडित क्षमता रहेकोमा अहिले ४ हजार १ सय ५ पुगेको छ । जुन ६ गुणा बढी हो ।

### मर्यादित रोजगारी अभाव

यसबीचमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक रहे पनि मर्यादित रोजगारीका अवसर पर्याप्त मात्रामा सिर्जना हुन नसकेको देखिएको छ । स्वदेशमा रोजगारीका अवसर सीमित हुँदा वैदेशिक रोजगारी माथिको निर्भरता बढेको छ ।

चौथो जीवनस्तर सर्वेक्षणको प्रतिवेदन उल्लेख गर्दै अर्थले बेरोजगारी दर १२.६ प्रतिशत रहेको बताएको छ । एक दशकमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या वार्षिक २८.६ प्रतिशतले बढेको छ ।

### प्राकृतिक स्रोतको समुचित उपभोग र पर्यटनमा चुक्यो मुलुक

अर्थ मन्त्रालयले प्राकृतिक स्रोतको समुचित उपभोगमा समेत मुलुक चुकेको उल्लेख गरेको छ । जलविद्युत्, वन र खनिज स्रोत उपयोग गरी समृद्धि र आत्मनिर्भरतासँग जोड्न नसकिएको अर्थले लेखेको छ ।

अर्कातर्फ, बाह्रै महिनाको गन्तव्य बन्न सक्ने सम्भावना बोकेको पर्यटनबाट समेत लाभ लिन नसकेको आर्थिक स्थितिपत्रमा उल्लेख छ । कमजोर हवाई तथा सडक पूर्वाधार, नयाँ निर्माण भएका अन्तर्राष्ट्रिय विमानस्थल क्षमता अनुसार चल्न नसक्नु, राष्ट्रिय ध्वजावाहकको कमजोर सेवालाई मुख्य समस्या मानिएको छ ।

### अर्थतन्त्रमा पूँजी निर्माण कमजोर

अर्थ मन्त्रालयले यस अवधिमा कुल गार्हस्थ बचत न्यून रहेको र लगानीको खाडल फराकिलो रहेको उल्लेख गरेको छ । यसमा रेमिट्यान्सको आय बढ्दा कुल राष्ट्रिय बचतमा सुधार देखिएको हो । राष्ट्रिय बचतको सहज अवस्थाले लगानीको अवसर रहेको संकेत गर्छ तर, व्यावसायिक वातावरण नहुँदा निजी क्षेत्रको उत्साह बढ्न नसकेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार आव २०७४/७५ मा जीडीपीको अनुपातमा कुल लगानी ३९.५ प्रतिशत रहेकोमा अहिले २८.१ प्रतिशतमा सीमित रहेको छ । सरकारको कमजोर पूँजीगत खर्च र निजी क्षेत्रको लगानीमा आएको कमीले समग्र लगानीको अवस्था खस्किएको हो ।

### आयात र उपभोगमा आधारित राजस्व

पछिल्ला वर्षहरूमा राजस्व परिचालनमा समेत मुलुकले कमजोर प्रदर्शन गरिरहेको प्रतिवेदनले देखाएको छ । पछिल्ला ५ वर्षयता राजस्वको औसत वृद्धिदर ८.७ प्रतिशतमात्र छ । अर्कातर्फ, लक्ष्यको तुलनामा समेत परिचालन अवस्था कमजोर देखिन्छ ।

राजस्वको महत्त्वपूर्ण हिस्सा आयात तथा उपभोगमा आधारित रहेको अर्थले देखाएको छ । गैरकर राजस्वका दर समयानुकूल परिमार्जन हुन नसक्नु तथा लागत प्रभावी समेत नहुँदा कुल राजस्वमा यसको हिस्सा ११ प्रतिशत हाराहारी मात्र छ ।

मन्त्रालयले राजस्वको दायरा बढाउनुपर्ने आवश्यकता समेत आर्थिक स्थितिपत्र मार्फत देखाएको छ । अहिले कुल आन्तरिक राजस्वको ५१ प्रतिशत हिस्सा १ सय ठूला करदाताले मात्र तिर्छन् । अर्कातर्फ, अनौपचारिक अर्थतन्त्रको आकार ठूलो हुँदा समेत करको आधार साँघुरो भएको मन्त्रालयको विश्लेषण छ ।

### बजेट आकार यथार्थ छैन, पूँजीगत खर्च कमजोर

लक्ष्य अनुसार स्रोत व्यवस्थापन नहुनु र बजेट विनियोजनको आकार महत्त्वकांक्षी हुने अवस्थालाई अर्थले उल्लेख गरेको छ । २०७२/७३ मा विनियोजनको तुलनामा खर्च ८६ प्रतिशत थियो । २०८१/८२ मा ८१.३ प्रतिशतमा सीमित छ ।

अर्कातर्फ, पूँजीगत बजेट विनियोजन, खर्च र गुणस्तर कमजोर हुँदा आर्थिक वृद्धि प्रभावित भएको अर्थको विश्लेषण छ । एक दशकयता पूँजीगत खर्च वार्षिक कुल संघीय खर्चको औसत १९ प्रतिशतमात्र छ । विनियोजनको तुलनामा पूँजीगत खर्च औसत ६४.१ प्रतिशतमात्र छ ।

यस अवधिमा चालु खर्च हिस्सा भने बढिरहेको देखिएको छ । सरकारी संरचनाको पुनर्संरचना, तीन तहका सरकारबीच स्पष्ट कार्य विभाजन, संघीय निकायको अनावश्यक संख्या र कर्मचारी कटौती मार्फत चालु खर्च नियन्त्रण गर्नुपर्ने आर्थिक स्थितिपत्रमा उल्लेख छ ।

### सार्वजनिक ऋणमा निर्भरता बढ्दै

अर्थ मन्त्रालयका अनुसार बजेट घाटा विस्तारले सार्वजनिक ऋणमा निर्भरता बढाएको छ । उच्च चालु खर्च र राजस्वको न्यून वृद्धिले यस्तो अवस्था आएको हो । अहिले ऋण तिर्न ऋण नै लिनुपर्ने जोखिम रहेको अर्थले बताएको छ ।

संघीय सरकारको सञ्चित कोष घाटामा छ । साथै, भुक्तानी हुन बाँकी सरकारी दायित्व समेत उच्च रहेको अर्थको तथ्यांक छ । तथ्यांक अनुसार अहिले १० खर्ब ३० अर्ब बराबरको बहुवर्षीय ठेक्का सहमति उपलब्ध गराइएकोमा ८ खर्ब ६ अर्ब बराबरको ठेक्का लागेको छ । त्यस्तो सम्झौताबाट ३ खर्ब ९४ अर्ब बराबरको भुक्तानी भएको छ भने ४ खर्ब २ अर्ब बराबरको भुक्तानी चालु आवलाई सरेर आएको छ । कमजोर आर्थिक अनुशासनका कारण बेरुजु समेत उल्लेख्य बढेको देखिएको छ । मन्त्रालयका अनुसार २०७२ सालमा सार्वजनिक ऋण ५ खर्ब ४४ अर्ब रहेकोमा फागुन मसान्तसम्म २८ खर्ब ७८ अर्ब पुगेको छ । बजेटको कुल २४ प्रतिशत बराबर खर्च अहिले ऋणको साँवाब्याज भुक्तानीमा खर्च हुने गरेको छ ।

### प्रदेश र स्थानीय तहको खर्च क्षमता कमजोर

प्रदेश र स्थानीय तहको समेत खर्च क्षमता कमजोर रहेको देखिन्छ । मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा प्राविधिक तथा व्यवस्थापकीय क्षमता सीमित हुँदा विनियोजन स्रोतको पूर्ण उपयोग हुन नसकेको बताएको छ ।

समग्रमा प्रदेश र स्थानीय तहले समेत खर्च गर्न नसक्दा अर्थतन्त्रमा माग सिर्जना हुन नसेकेको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार २०८१/८२ मा प्रदेश र स्थानीय तहको बजेट उपयोग क्षमता क्रमश: ७१.३ र ७६.४ प्रतिशत छ ।

वित्तीय संघीयता लागु भएपछि संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा कुल बजेटको २२.६ प्रतिशत रकम वित्तीय हस्तान्तरणका लागि विनियोजन भएको समेत अर्थले जनाएको छ ।

राजस्व बाँडफाँट मार्फत संघीय सरकारले संकलन गरेको करिब ११ प्रतिशत राजस्व समेत हस्तान्तरण हुँदै आएको छ । उता, कुल राजस्व संकलनमा प्रदेश र स्थानीय तहको योगदान भने १० प्रतिशत भन्दा पनि कम छ । तीन तहको सरकारको कुल खर्चमा प्रदेश र स्थानीय तहको खर्च करिब एक तिहाइ छ ।

### ह्वात्तै घट्यो वैदेशिक अनुदान, सहायतामा ऋणको भार चुलियो

पछिल्लो एक दशकयता वैदेशिक सहायतामा ऋणको भार ह्वात्तै बढेको छ । वैदेशिक सहायता परिचालनमा वैदेशिक ऋणको हिस्सा बढ्दै र अनुदानको हिस्सा घट्दै गएको तथ्यांक छ । २०८१/८२ मा वैदेशिक ऋण हिस्सा ८१.१ प्रतिशत र अनुदान हिस्सा १८.९ प्रतिशत छ । २०७१/७२ मा वैदेशिक ऋण हिस्सा ५७.४ प्रतिशत र अनुदान हिस्सा ४२.६ प्रतिशत थियो ।

उता, समग्र वैदेशिक सहायता परिचालन नै घट्दो क्रममा रहेको समेत अर्थले जनाएको छ । १० वर्षमा वैदेशिक सहायताको कुल बजेटको वार्षिक औसत २१.५ प्रतिशत हिस्सा ओगटेको छ । २०८२/८३ मा भने यस्तो हिस्सा मात्र १४.६ प्रतिशतमा सीमित छ ।

वैदेशिक सहायतामा परिचालित परियोजना कार्यान्वयन सुस्त रहने र समयमै सोधभर्ना नहुँदा वैदेशिक सहयोग कमी भएको र नगद व्यवस्थापनमा समेत दबाब सिर्जना भएको अर्थ मन्त्रालयले उल्लेख गरेको छ । सार्वजनिक संस्थानमा गरिएको लगानीबाट समेत मुलुकले लाभ लिन नसकेको आर्थिक स्थितिपत्रमा उल्लेख छ ।

### आर्थिक शिथिलताका कारण मूल्य स्थायित्व, वित्तीय क्षेत्रको अवस्था कस्तो ?

अर्थ मन्त्रालयले पछिल्ला वर्षहरूमा आर्थिक शिथिलता र मूल्यवृद्धिको वाह्य दबाब कम हुँदा मूल्य स्थायित्व कायम रहेको विश्लेषण गरेको छ । तर, दैनिक उपभोग्य वस्तुको मूल्यमा भने उतार चढाव आएको देखिन्छ । अमेरिकी डलरसँग नेपाली रुपैयाँ अवमूल्यन हुँदै गएको देखिएको छ ।

वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा प्रवाहित कर्जाको आकार भने एक दशकमा उल्लेख्य बढेको अर्थले बताएको छ । तर, पछिल्ला वर्षहरूमा कर्जा विस्तार सुस्ताएको तथ्यांक अर्थले राखेको छ । एक दशकमा बैंक तथा वित्तीय संस्थाको निक्षेप औसत १५.८ प्रतिशतले बढेको छ । निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार न्यून हुँदा यतिबेला लगानीयोग्य तरलता प्रचुर रहेको समेत देखिन्छ । अहिले ९ खर्ब ४ अर्ब रुपैयाँ बराबर अधिक तलरता छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जाको ब्याजदर अहिले नै न्यून अवस्थामा रहेको र यो घट्दो क्रममा रहेको देखिन्छ । जसबाट व्यवसायीले न्यून ब्याजदरको लाभ लिन नसकेको र साना बचतकर्ताको आयको स्रोत संकुचनमा परेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थामा निष्क्रिय कर्जा अनुपात बढेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाको संख्यासमेत घट्दो क्रममा छ । मन्त्रालयका अनुसार समग्र वित्तीय पहुँच बढ्दै गए पनि कर्जाको पहुँच भने न्यून छ । लघुवित्त संस्थाका कारण वित्तीय पहुँच बढेको अर्थको विश्लेषण छ । विद्युतीय भुक्तानीबाट हुने कारोबार बढेको छ । बीमाको दायरा फराकिलो बनेको देखिएको छ । बचत तथा सहकारी संस्थाको नियमन र सुपरिवेक्षण भने कमजोर रहेको अर्थको भनाइ छ । पूँजी बजारको दायरा संकुचित रहेको र दोस्रो बजार कारोबारमा स्थिरता नरहेको अवस्था समेत अर्थले उल्लेख गरेको छ ।

### वैदेशिक व्यापारमा आयात हावी, वाह्य क्षेत्र मजबुत

वाह्य क्षेत्रतर्फ वैदेशिक व्यापारमा संरचनात्मक असन्तुलन अवस्था छ । निर्यात दायरा साँघुरो र आयात हिस्सा अत्यधिक देखिएको छ । जसले व्यापार घाटा बढाएको छ । आयातमा पूँजीगत वस्तुको अंश कम र उपभोग्य वस्तुको हिस्सा अधिक छ । विप्रेषण आयका कारण वाह्य क्षेत्र स्थायित्व कायम रहेको छ । पछिल्लो दुई वर्षयता चालु खाता बचतमा छ । शोधनान्तर स्थिति उल्लेख्य बचतमा छ । यति हुँदाहुँदै विदेशी लगानी भने अपेक्षित वृद्धि हुन सकेको छैन । विदेशी विनिमय सञ्चिति समेत सुविधाजनक स्तरमा छ ।

यसबाहेक अर्थ मन्त्रालयले डिजिटल असमानता रहेको, नवप्रवर्तन प्रणाली फस्टाउन नसकेको र भौतिक पूर्वाधार विकासमा परिमाणले फड्को मारे पनि गुणस्तर कायम गर्न नसकिएको उल्लेख गरेको छ । तीव्र सहरीकरणले अवसरसँगै जटिल चुनौती सिर्जना गरेको देखिन्छ । यसबीच साक्षरता दरमा वृद्धि भए पनि गुणस्तर, सिप र बजार मागबीच तालमेल कमजोर रहेको अर्थले बताएको छ । स्वास्थ्य सूचकमा सुधार भए पनि सेवा गुणस्तरीय र सुलभ नभएको अर्थको विश्लेषण छ । नेपाल जलवायु परिवर्तनबाट उच्च जोखिममा रहे पनि यसको सामना गर्ने अनुकूलन क्षमता सीमित देखिएको छ । गरिबी घट्दै गए पनि गरिब र धनीबीचको खाडल निरन्तर बढ्दै गएको अर्थ मन्त्रालयले उल्लेख गरेको छ । सामाजिक सुरक्षाको पहुँच विस्तार भए पनि यसको दिगोपनमा चुनौती थपिएको अर्थको विश्लेषण छ ।

*(स्रोत: अनलाइनखबर)*

# अबिर केसरी बनाउने तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ हेटौंडामा अबिर केशरी बनाउने १५ दिने तालिम सुरु भएको छ । मकवानपुर घरेलु तथा साना उद्योग संघको आयोजना तथा उद्योग वाणिज्य कार्यालय मकवानपुरको आर्थिक सहयोगमा तालिम सञ्चालन गरिएको हो ।

संघका अध्यक्ष कुमार पौडेलको अध्यक्षता तथा उद्योग वाणिज्य कार्यालय मकवानपुरका कार्यालयप्रमुख रामप्रसाद भुषालको प्रमुख आतिथ्यतामा तालिम उद्घाटन गरिएको हो । उद्घाटन कार्यक्रममा संघका बरिष्ठउपाध्यक्ष रामहरि तिमल्सिना, महिला उद्यमी समितिका अध्यक्ष चन्दावती पनेरु, संघका कोषाध्यक्ष कृष्ण अर्याल तथा प्रशिक्षक रुसन लुईटेल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा वक्ताले यस्ता सीपमूलक तालिमले स्थानीयस्तरमा उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा आयआर्जन वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

१५ दिनसम्म सञ्चालन हुने तालिममा २० जनाको सहभागिता रहेको जनाइएको छ । तालिममार्फत् सहभागीलाई अबिर तथा केसरी उत्पादनसम्बन्धी व्यवहारिक ज्ञान र सीप प्रदान गरिने आयोजकले जनाएको छ ।

# झरना र सुहानाको 'बा: एक योद्धा' भदौ १९ मा आउने




काठमाडौं / संगीतकार हरि लम्सालको डेब्यू निर्देशकीय फिल्म 'बा: एक योद्धा' कृष्ण जन्माष्टमीको अवसर पारेर भदौ १९ गते (४ सेप्टेम्बर)बाट प्रदर्शनमा आउने भएको छ । सोमबार निर्माता कम्पनी आर्टिस्टिक इन्टरटेनमेन्टले थिम पोस्टरमार्फत प्रदर्शन मितिबारे जानकारी दिएको हो । उक्त मितिमा अरु दुई फिल्म 'ककाकिकी' र 'स्टेशन' पनि प्रदर्शन हुँदैछन् ।

यस फिल्ममा अभिनेत्रीद्वय झरना थापा र सुहाना थापाले मुख्य भूमिकामा अभिनय गरेका छन् । पहिलो पटक यी आमाछोरी एकसाथ फिल्ममा देखिन लागेका हुन् । निर्देशक लम्सालका अनुसार उनीहरू फिल्ममा आमा-छोरीकै भूमिकामा प्रस्तुत भएका छन् । अभिनेता दिव्यदेव पन्तको पनि फिल्ममा मुख्य भूमिका रहेको छ ।

निर्देशक लम्साल स्वयंको कथा तथा पटकथा रहेको यस फिल्मलाई संगीतकार वसन्त लम्सालले निर्माण गरेका हुन् । उनले यसअघि विपिन कार्की र उपासना सिंह ठकुरीलाई लिएर फिल्म 'कर्मा' बनाएका थिए । 'बा: एक योद्धा' उनको दोस्रो निर्माण हो । यसमा शिवराम श्रेष्ठको छायांकन रहेको छ भने मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने रहेका छन् ।

यो फिल्मले बाबुको महत्त्व र योगदानलाई केन्द्रमा राखेको निर्देशक लम्सालले जानकारी दिए । उनका अनुसार फिल्ममा एक बाबुले सन्तानका लागि गर्ने त्याग, जीवनभर भोग्ने चुनौती र संघर्षलाई मुख्य कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । ग्रामीण र सहरी दुवै परिवेशमा बाबुले बोक्ने जिम्मेवारीलाई फिल्ममार्फत उजागर गरिएको उनको भनाइ छ ।

# 'मालती मंगले'को ट्रेलरमा शंकाले निम्त्याएको विग्रहको कथा

काठमाडौं / गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म 'मालती मंगले'को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै तीन मिनेटभन्दा लामो ट्रेलर सार्वजनिक गरेको हो । हाँसो र रोदन मिश्रित ट्रेलरमा एक जोडी (विजय बराल र वर्षा राउत)को प्रेम सम्बन्धदेखि विवाहसम्मको यात्रा देखाइएको छ ।

मालती र मंगले पात्रमा केन्द्रित ट्रेलरमा छोरी भएकै कारण समाजले गर्ने हेयको व्यवहार र दाम्पत्य जीवनमा अविश्वासका कारण उत्पन्न हुने पारिवारिक कलहलाई प्रस्तुत गरिएको छ । एक दृश्यमा वर्षाको एउटा संवाद छ, 'मैले तिमीबाहेक कसैसँग सिरानी साटेको छैन मंगले ।' यो संवादले पितृसत्तात्मक समाजमा सुनेकै भरमा महिलामाथि गरिने शंकालाई उजागर गरेको छ ।

ट्रेलर हेर्दा फिल्मले अन्तरजातीय विवाहलाई पनि मूल कथामा समेटेको देखिन्छ । किनकि, एक दृश्यमा मालती पात्रले भागी विवाह गरेपछि परिवारले उनको कपडा जलाएको देख्न सकिन्छ । र, अर्को दृश्यमा एक पात्रले मंगलेलाई 'गतिलो खानदान नभएको' भन्दै अपमान गरेका छन् । दाजुभाइबीचको अविश्वासलाई पनि फिल्मले प्रस्तुत गरेको ट्रेलरमा देख्न सकिन्छ ।

प्रकु पाण्डेयको कथा तथा निर्देशनमा बनेको यस फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल, नरिन थापा, प्रकाश घिमिरे, मान्सु सापकोटा, सरिता गिरी, सुस्मा



निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, राज पङ्गेनी लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् ।

वैशाख २५ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मका कार्यकारी निर्माता सागर ज्ञवाली हुन् भने सह-निर्माताहरूमा बाबु सुवेदी, रबिन श्रेष्ठ, वेदना कर्माचार्य, पद्मावती गुरुङ, स्वीकृति बस्नेत र मिलन बजगाईं रहेका छन् । फिल्ममा महेश पौडेलको छायांकन तथा रोमी मोजेजको सम्पादन रहेको छ । रङ्ग संयोजन कृष्ण भण्डारी र ध्वनि मिश्रण डिकेश खड्गीले गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### 'निजीक्षेत्रलाई कमजोर बनाएर देशको विकास हुन सक्दैन'

# विगतको नजिर हेरेर म्यादथपको प्रक्रिया: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निजीक्षेत्रलाई कमजोर बनाएर देशको विकास हुन नसक्ने बताएका छन् ।



सोमबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बागमती प्रदेश निर्माण व्यवसायी महासंघको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले विकास निर्माणको कार्यमा निजी क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बताए । सरकारी राजश्वको ठुलो हिस्सा निजीक्षेत्रबाट प्राप्त हुने भएकोले निजीक्षेत्रको मागप्रति सरकार लचिलो हुनुपर्ने उनको धारणा छ । निर्माण साम्रगीमा भएको अस्वाभाविक मूल्यबृद्धिबाट निर्माण व्यवसायीमा पर्न असरप्रति सरकार संवेदनशील रहेको उनले उल्लेख गरे । कानुनी उपचार र विगतको नजिरलाई हेरेर आयोजनाको म्यादथपको प्रक्रिया थाल्ने आश्वासन समेत मुख्यमन्त्री बानियाँले दिए ।

उनले संघीय र स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी निर्माण व्यवसायीको मागलाई पुरा गर्ने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले विगतमा भएका कमीकमजोरी सुधार्न व्यवसायीलाई आग्रह गरे । सार्वजनिक खरिद ऐन संशोधनको प्रक्रियामा रहेको बताउँदै उनले व्यवसायीले टेण्डर प्राप्त गर्ने सवालमा संस्थागत मर्यादालाई पनि ख्याल गर्नुपर्ने बताए । 'मध्यपूर्वमा भएको युद्धका कारण पेट्रोलियम पदार्थमा सामान्य मूल्यवृद्धि नभएर असामान्य मूल्यवृद्धि भएकोले प्रदेश सरकारले आफ्ना योजनामा के गर्न सकिन्छ चाँडै निर्णय प्रक्रिया अगाडि बढाउने छौँ' मुख्यमन्त्री बानियाँले भने, 'प्रदेश सरकारले विगतमा भएको संघीय सरकारका नजिरलाई हेरेर संघीीय र स्थानीय सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वको सिद्वान्तअनुसार समन्वय गरेर निर्माण व्यवसायीलाई पर्न गएको समस्या समाधानका लागि पहल गरिने छ ।'

उनले विगत लामो समयदेखि म्याद थप भएका काम छन्, विगतका कमीकमजोरीलाई सुधारेर अगाडि बढ्नुपर्छ भन्दै सार्वजनिक खरिद ऐनमा परिमार्जन गर्ने विषय आएको छ, टेण्डर जति पनि घटेर हाल्ने र समयमा काम नगर्ने प्रवृत्तिले व्यवसायीको पनि अवस्था दिनप्रति दिन खस्किँदो र समयमा काम नगर्दा जनगुनासो पनि बढेको बताए । महासंघका प्रदेश अध्यक्ष छत्रबहादुर तामाङको नेतृत्वमा गएको टोलीले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । निर्माण सामग्रीको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धि र बजारमा ती सामग्रीको अभावले निर्माण उद्योग ठप्पसँगै धराशायी हुने अवस्थामा पुगेको भन्दै महासंघले मूल्य समायोजनको माग गरेको छ ।

अध्यक्ष तामाङका अनुसार इन्धनजन्य सामग्रीमा भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्य वृद्धिलाई पूर्वाधार क्षेत्रमा आएको 'सुनामी'को संज्ञा दिँदै निर्माण सामग्रीको अभावका कारण निर्माण उद्योग ठप्प हुने स्थिति रहेकाले 'म्याद थप' अपरिहार्य भएको बताए । मध्यपूर्वमा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धन सामग्रीमा पटकपटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिले गर्दा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेकोप्रति ध्यानाकर्षण गराउँदै उनले इन्धनजन्य सामग्रीसहित निर्माण सामग्री बिटुमिन, सिमेण्ट, डण्डी लगायतका निर्माण सामग्रीमा निरन्तर भइरहेको अप्रत्याशित एवं अत्याधिक मूल्यवृद्धि र बजारमा ती सामग्रीको अभावले निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको बताए ।

'भौतिक पूर्वाधारक्षेत्रमा आएको 'सुनामी' का कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर देखिन शुरु भइसकेको छ' उनले भने, 'निर्माण उद्योगमा देखिएको विकराल परिस्थितिका विषयमा महासंघले नेपाल सरकारलगायतका निकायमा पत्राचार गरेता पनि समस्या समाधान हुने गरी अहिलेसम्म कार्यान्वयन भएको छैन ।' उनले अगाडि थपे, 'समस्या समाधानका लागि ठोस पहल नगरी नेपाल सरकारले करीब दुई महिनादेखि लगातार मौखिक आश्वासन मात्र दिएका कारण पूर्वाधार क्षेत्रका निर्माण व्यवसायी र आबद्ध लाखौं श्रमिक तथा यसक्षेत्रसँग सम्बन्धित अन्य उद्योग आर्थिकरुपमा धराशायी भएका छन् ।'

अध्यक्ष तामाङले प्रत्येक आयोजनामा मूल्यवृद्धि भए अनुरुप निर्देशिका-२ तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गरी मूल्यवृद्धिको समस्याबाट पीडित सबै निर्माण व्यवसायीलाई तत्काल राहत दिन र निर्माण उद्योगलाई धराशायी हुनबाट बचाउन सरकारसँग माग गरेका छन् । अध्यक्ष तामाङकाअनुसार राष्ट्र बैंकले सार्वजनिक गर्ने मूल्य सूचकांकअनुसार बजारमा निर्माण सामग्रीको मूल्य निरन्तर बढिरहेको भएपनि सरकारी निकायबाट त्यसअनुसार मूल्य समायोजन नगर्दा व्यवसायी थप मारमा परेको छ ।

बैंक ब्याज, बीमा, जरिवाना तथा अन्य प्रशासनिक खर्चको भारपनि बढ्दै गएको भन्दै व्यवसायीको लागि तत्काल 'मूल्य समायोजनको मार्ग निर्देशिका' जारी गर्नुपर्ने उनले बताए । महासंघले निर्माणकार्य समयमै सम्पन्न हुन नसक्दा आयोजनाको लागत झन् बढ्ने, विकास निर्माणका काम ठप्प हुने र समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने चेतावनी दिएको छ । विशेषगरी साना तथा मझौला निर्माण व्यवसायी सबैभन्दा बढी संकटमा परेको उल्लेख गर्दै उनीहरुलाई तत्काल संरक्षण गर्नुपर्ने माग गरिएको छ ।

# डेरी उद्योगलाई प्रशासनको निर्देशन: असार भित्र किसानलाई ६५ प्रतिशत भुक्तानी दिनु

## असोज मसान्तसम्ममा बक्यौता भुक्तानी गरिसक्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ किसानसँग उधारोमा दुध खरिद गरेर भुक्तानी नदिएका निजी डेरी उद्योगलाई असार मसान्तभित्र रकम भुक्तानी गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले निर्देशन गरेको छ ।




दुग्ध उत्पादक किसानको भुक्तानी रोकेका मकवानपुरका ११ डेरी उद्योगसहित किसानका प्रतिनिधि राखेर जिल्ला प्रशासन कार्यालय मकवानपुरले छलफल गराएको हो । सोमबार प्रशासनको सभाहलमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, सुरक्षा निकायका प्रमुख, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि कँडेल, जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष नारायणप्रसाद देवकोटा, डेरी उद्योगका सञ्चालक एवम् व्यवस्थापकसँग छलफल गरिएको हो । छलफलमा प्रजिअ अधिकारीले उद्योगले किसानलाई रकम भुक्तानी दिन नसक्नुको कारणबारे जानकारी लिए ।

मकवानपुरमा संचालित ११ उद्योग वटा डेरी उद्योगबाट किसानले २०७८ सालदेखि १४ करोड ३५ लाख ६३ हजार भुक्तानी पाउन बाँकी छ । यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघले पनि किसानको भुक्तानी रोक्ने डेरी उद्योगसँग छलफल गरेको थियो । बक्यौता रकम प्रत्येक महिना जम्मा गर्दै जाने र ६५ प्रतिशत बक्यौता असार मसान्तसम्म भुक्तानी गर्ने र बाँकी रहेको रकम असोज मसान्तसम्ममा पूर्णरुपमा भुक्तानी गरिसक्ने प्रतिवद्धता उद्योगले जनाएका थिए । प्रजिअ अधिकारीले पनि डेरी उद्योग सञ्चालकलाई संघसँग भएको सहमतिअनुसार नै भुक्तानी दिन निर्देशन दिए ।

सहमति पालना नभए जिल्ला प्रशासन कार्यालय कारबाहीमा उत्रन बाध्य हुने उनले चेतावनी दिए । उद्योगीलाई प्रबर्द्धन गर्न सरकार तयार रहेको बताउँदै प्रजिअ अधिकारीले किसानको समस्यामा गम्भीर बनिदिन उद्योगीलाई आग्रह गरे । छलफलको क्रममा उद्योगीले बटर, चिजलगायतका दुग्धजन्यपदार्थ लामो समयसम्म स्टकमै रहने र यसको बजारीकरणमा देखिएको समस्याको कारण भुक्तानीमा कठिनाई भएको गुनासो गरेका थिए । हेटौंडा-९ मा रहेको शुभ डेरीले सबैभन्दा धेरै ६ करोड ७० लाख भुक्तानी दिन बाँकी छ भने हेटौंडा-२ को गायत्री डेरीले ४ करोड ४९ लाख भुक्तान दिन बाँकी छ ।

भुटनदेवी डेरी फर्मले २२ लाख ३३ हजार, अनुश्री सप्लायर्सले १९ लाख ७५ हजार, कविता डेरीले १२ लाख ४२ हजार, पवित्र मिल्कले ४ करोड ६ लाख, स्यार्सेकालिका डेरीले १ करोड ६ लाख, पिज्जा कटरले ७ लाख २३ हजार, नारायणी मिल्कले १० लाख ३२ हजार, एसके डेरीले २५ लाख २८ हजार र कल्पवृक्ष डेरीले ६५ लाख ५७ हजार भुक्तानी गर्न बाँकी छ । जिल्ला उत्पादक सहकारी संघसंग मकवानपुरमा ११ हजार किसान आबद्ध छन् भने ४२ डेरी उद्योगसँग जिल्ला संघले कारोबार गर्दै आएको छ ।

किसानले लामो समयदेखि उधारोमा बिक्री गरेको दुधको मूल्य नपाएको गुनासो गरेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले सर्बपक्षीय छलफल राखेको हो । दूधको भुक्तानी रोकिँदा किसान पशुचारा खरिद गर्न, पशुको उपचार गर्न र दैनिक घरखर्च चलाउन समेत ऋण खोज्न बाध्य भएका छन् । केही किसानले सहकारीमार्फत् ऋण लिएर व्यवसाय धानेका छन् भने कतिपयले गाईभैंसी बेच्ने तयारी थालेका छन् । किसानले राज्य र सम्बन्धित निकायलाई पटकपटक ध्यानाकर्षण गराए पनि समस्या समाधान हुन नसकेको गुनासो गरेका छन् ।

उनीहरुले तत्काल बक्यौता रकम भुक्तानी गराउन र उद्योगलाई जिम्मेवार बनाउन सरकारसँग माग गरेका छन् । दुग्ध उत्पादनलाई ग्रामीण अर्थतन्त्रको मुख्य आधार मानिने मकवानपुरमा यस्तो अवस्था लम्बिँदै जाँदा किसानको जीविकोपार्जन मात्र होइन, समग्र दुग्ध उत्पादन प्रणालीमै असर पर्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन् ।

# तामाङ लिपि भाषा प्रशिक्षण तथा सिकाइ कार्यक्रम समापन

साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ मनहरी गाउँपालिका वडा नम्बर ७ मा तामाङ समुदायका अगुवाका लागि आयोजित तीन दिने तामीक लिपि (तामाङ लिपि) भाषा प्रशिक्षण तथा सिकाइ कार्यक्रम समापन भएको छ ।

नमस्ते मनहरी मिडिया प्रालिको आयोजना तथा मनहरी गाउँपालिका वडा नम्बर ७ वडा कार्यालयको सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो । नमस्ते मनहरी मिडिया प्रालिका अध्यक्ष जयराम मुक्तानको सभाध्यक्षतामा भएको समापन समारोहमा मनहरी गाउँपालिका वडा नम्बर ७ का कार्यवाहक वडाअध्यक्ष नवराज सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो । तीन दिनसम्म चलेको कार्यक्रममा नेपाल तामाङ पत्रकार संघ, बागमती प्रदेशका अध्यक्ष एवं प्रशिक्षक ज्ञानेन्द्र थोकरले सहभागीलाई तामीक लिपि सिकाएका थिए ।

प्रशिक्षक थोकरले लिपिको लेखनशैली, तामाङ भाषाको व्याकरण र यसको ऐतिहासिक महत्वबारे सहभागीलाई अभ्यस्त गराए । समापन समारोहका सभाध्यक्ष मुक्तानले सहभागी अगुवालाई सम्बोधन गर्दै सिकेको ज्ञानलाई व्यवहारमा उतार्न सुझाव दिए ।

उनले तामीक लिपिको प्रयोगलाई दैनिक व्यवहार र औपचारिक काममा ल्याउनुपर्नेमा जोड दिँदै आफ्नो मौलिकता जोगाउन सबै एकजुट हुनुपर्ने सुझाव दिए ।

प्रमुखअतिथि सुवेदीले स्थानीय सरकार भाषा र संस्कृतिको जगेर्नाका लागि सधैँ साथमा रहने प्रतिबद्धता व्यक्त गरे । प्रशिक्षणमा सहभागी अगुवालाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# जेनिथमा शिक्षकका लागि प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १४ बैशाख/ हेटौंडा-५ स्थित जेनिथ सेकेन्डरी स्कुल सिटी कलेजले शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित दुईदिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा विद्यालयका ३० जना शिक्षकको सहभागिता रहेको थियो । प्रमुख प्रशिक्षकका रुपमा टीकाराम पोखरेल (पीएचडी) ले सहजीकरण गरेका थिए । उनले शिक्षण-सिकाइ प्रक्रियालाई विद्यार्थीमैत्री, व्यवहारिक र परिणाममुखी बनाउन आवश्यक विभिन्न विधि तथा सीपबारे प्रशिक्षण दिए । कार्यक्रममा विशेषगरी कक्षाकोठामा प्रभावकारी प्रस्तुति, विद्यार्थीको मनोविज्ञान बुझ्ने तरिका, कमजोर विद्यार्थीलाई सिकाइमा समेट्ने उपायमा केन्द्रित अभ्यास गरिएको थियो । सहभागी शिक्षकले प्रशिक्षणबाट सिकेका सीपलाई दैनिक शिक्षणमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्कीले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षकको दक्षता अपरिहार्य रहेको बताउँदै यस्ता प्रशिक्षणले शिक्षण पद्दतिमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । उनकाअनुसार, हेटौंडाको सिटी कलेजको सहकार्यमा सञ्चालन गरिएको कार्यक्रमले विद्यालयको शैक्षिकस्तर उकास्न थप टेवापुग्ने अपेक्षा गरिएको छ ।


# श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८३/०१/११ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा. नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- जित बहादुर भोम्जन (छोरा)* *जग्गावाला- धन बहादुर भोम्जन (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिल बमोजिमका जग्गा धन बहादुर भोम्जनको नाममा नापी नक्सा भई र.नं. ३३८८ मिति २०४४/०१/१७ को पारित अंश भपाई बमोजिम छोरा जित बहादुर भोम्जनलाई दिईएको र साविक भोग लगत हटिया आँकडा मौजाको रैति नं. ५१० को रैती जित बहादुर भोम्जनको नाममा साविक लगत कायम हुन आएकोमा उल्लेखित तपशिलका जग्गा दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला धन बहादुर भोम्जनको मिति २०४९/०६/११ मा मृत्यु भएको र निजकी एक मात्र पनि कान्छी माया भोम्जनको पनि मिति २०७२/११/२२ मा मृत्यु भईसकेकोमा निजहरुको हकखाने दुई छोराहरु जेठो लाल बहादुर भोम्जन भएकोमा निजको पनि मृत्यु भईसकेको र निजकी पत्निको पनि मृत्यु भईसकेकोमा निजका हकखाने छोराहरु जेठो साङ्के लामा, माहिलो जगत बहादुर भोम्जन भएकोमा निजको पनि मृत्यु भएको र निजको हकमा हकखाने पत्नि लिला माया भोमजन भएको, साइलो छोरा छेवाङ भोम्जन भएको र कान्छा छोरा सन्त बहादुर भोम्जन भएको भएता पनि उल्लेखित जग्गा अंश बापत निवेदक जित बहादुर भोम्जनलाई पारित गरी दिईएकोले सो प्राप्त गरे पश्चात निरन्तर रुपमा हाल सम्म पनि निजले नै हकभोग तथा भोग चलन गरी आएकोले साङ्के लामा, लिला माया भोम्जन र सन्त बहादुर भोम्जन समेतको मंजुरीले निवेदक जित बहादुर भोम्जनको नाममा एकलौटी छुट जग्गा दर्ता तथा दा.खा. नामसारी गरी पाउँ बकैया गाउँपालिका ६ नम्बर वडा कार्यालयको च.नं. ८२२ मिति २०८२/०३/१९ को हकभोग तथा हकदारको व्यहोरा खुलि आएको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, र.नं. ३३८८ मिति २०४४/०१/१७ को पारित अंश भर्पाई लिखत, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं. २२८ मिति २०८२/०९/२३ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा दा.खा. नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरिकर्ताहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**


| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | धन बहादुर भोम्जन पं. हटिया वडा नं. ८ बाबु-च्याम दुर्जे बाजे- | हटिया | ८ | ८४० | १-२-४.५ | जित बहादुर भोम्जन | जि.म. हटिया मौजा हटिया आँकडा मौजा ५१० नं. रैति जित बहादुर भोम्जन रहेको |

*ईति संवत २०८३ साल बैशाख महिनाको ११ गते रोज ६ शुभम्.................*



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

## स्वर्गद्वारी महिला पञ्चेबाजा समूह

हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना